जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५७ | २०८३ साल बैशाख १९ गते शनिवार | Saturday-02-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-


## सिम्रौनगढ नगरपालिकामा पुनः विवाद : अदालतमा मुद्दा चलिरहेकै कर्मचारीलाई शाखा प्रमुख बनाइयो

*बारा, १८ बैशाख*

सिम्रौनगढ नगरपालिकामा प्रशासनिक निर्णयलाई लिएर फेरि गम्भीर विवाद उत्पन्न भएको छ । पाँचौं तहका करारका कर्मचारी जितेन्द्र प्रसाद यादवविरुद्ध अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा उनलाई सामाजिक विकास शाखाको प्रमुख बनाइएको विषयले चौतर्फी आलोचना निम्त्याएको हो ।

नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विजय शंकर ठाकुरले अदालतको अन्तिम फैसला नआउँदै यस्तो जिम्मेवारी दिएको निर्णयलाई लिएर स्थानीय स्तरमा तीव्र असन्तुष्टि देखिएको छ । स्रोतका अनुसार यो निर्णय विभिन्न दबाब र 'सेटिङ्ग' को प्रभावमा गरिएको हुन सक्ने आशंका व्यक्त गरिएको छ ।

स्थानीय बुद्धिजीवी तथा सरोकारवालाहरूका अनुसार, न्यायिक प्रक्रिया चलिरहेकै व्यक्तिलाई महत्वपूर्ण जिम्मेवारी दिनु प्रशासनिक नैतिकता विपरीत मात्र नभई संस्थागत पारदर्शितामाथि ठाडो प्रहार हो । यस्तो कदमले नगरपालिकाभित्र घुसखोरी, पहुँच र व्यक्तिगत स्वार्थ हाबी हुँदै गएको संकेत दिएको उनीहरूको भनाइ छ ।



सिम्रौनगढ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मधेश प्रदेश नेपाल

पत्र सं.: ०८२/०८३

च नं.: १४५३

मिति:२०८३/०१/१६

विषय: जिम्मेवारी तोकिएको सम्बन्धमा ।

श्री जितेन्द्र प्रसाद यादव

अधिकृत, सातौं

सिम्रौनगढ नगर कार्यपालिकाको कार्यालय, सिम्रौनगढ, बारा ।

उपरोक्त सम्बन्धमा सिम्रौनगढ नगर कार्यपालिकाको मिति २०८२/१२/३० का निर्णय बमोजिम तपाईलाई यस कार्यालयको निर्णयानुसार अर्को व्यवस्था नहुन्जेलसम्म समाजिक विकास शाखा प्रमुखका रुपमा कामकाज गर्न जिम्मेवारी तोकिएको व्यहोरा अनुरोध छ ।

विजय शंकर ठाकुर

नि. प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ:

आर्थिक प्रशासन शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा,जिन्सी शाखा,सूचना प्रविधि शाखा एवम् सम्पूर्ण [illegible] तथा इकाई सबै

जानकारी:

नगर प्रमुखज्यु, सिम्रौनगढ नगरपालिकाको कार्यालय

नगर उप-प्रमुखज्यु सिम्रौनगढ नगरपालिकाको कार्यालय




यसअघि पनि सम्बन्धित कर्मचारीको नाम विभिन्न विवादमा जोडिँदै आएको जनचर्चा छ । त्यसैले पुनः जिम्मेवारी दिइनु नगरपालिकाको निर्णय प्रक्रियामाथि गम्भीर प्रश्न उठाउने आधार बनेको छ ।

स्थानीयवासीहरूले प्रश्न उठाएका छन्–

"अदालतमा मुद्दा चलिरहेको व्यक्तिलाई जिम्मेवारी दिनु कानुनी शासनको अपमान होइन र?"

"पारदर्शिता र जवाफदेहिता कहाँ हरायो?"

नगरपालिका जस्तो सार्वजनिक संस्थालाई केही व्यक्तिको स्वार्थपूर्तिको माध्यम बनाउने प्रयास भइरहेको आरोपसमेत लाग्न थालेको छ । जनताले तिरेको करबाट सञ्चालन हुने संस्थामा यस्ता निर्णयले विश्वासको संकट गहिरिँदै गएको देखिन्छ ।

सरोकारवालाहरूले चेतावनी दिएका छन् कि यस्ता विवादास्पद निर्णयमाथि समयमै छानबिन र कारबाही नभए सिम्रौनगढ नगरपालिकाको साख मात्र होइन, समग्र विकास प्रक्रियामा समेत नकारात्मक असर पर्नेछ ।

अब जनताको माग स्पष्ट छ– पारदर्शिता, निष्पक्षता र उत्तरदायित्व सुनिश्चित गरियोस् ।

अन्यथा, जनआक्रोश थप चर्किने संकेत देखिएको छ ।

## ब्राह्मण समाज नेपाल बारा भवनको शिलान्यास, सामाजिक एकताको केन्द्र बनाउने लक्ष्य

*बारा, १८ बैशाख*

ब्राह्मण समाज नेपाल बारा शाखाले आफ्नै भवन निर्माण कार्यको औपचारिक सुरुवात गरेको छ । बाराको सदरमुकाम कलैया उपमहानगरपालिका-७ मा अवस्थित जग्गामा शुक्रबार आयोजित एक कार्यक्रमबीच भवनको शिलान्यास गरिएको हो ।



शिलान्यास कार्यक्रमका प्रमुख अगुवा तथा ब्राह्मण समाज नेपाल बारा का अध्यक्ष अनिल पाण्डेय ले विधिवत् रूपमा शिलान्यास गर्नुभएको थियो । कार्यक्रममा स्थानीय समाजसेवी, बुद्धिजीवी, विभिन्न पेशा-व्यवसायमा आबद्ध व्यक्तित्व तथा समुदायका प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष पाण्डेयले ब्राह्मण समुदायको पहिचान, संरक्षण तथा संस्थागत गतिविधि सञ्चालनका लागि आफ्नै भवन अपरिहार्य रहेको उल्लेख गर्नुभयो । उहाँले लामो समयदेखि समाजका सदस्यहरूको चाहना अनुरूप भवन निर्माण कार्य अघि बढाइएको जानकारी दिँदै यसले समुदायलाई थप संगठित र सक्रिय बनाउने विश्वास व्यक्त गर्नुभयो । "यो भवन केवल एउटा संरचना मात्र होइन, हाम्रो पहिचान, संस्कार र सामाजिक एकताको केन्द्र बन्नेछ," अध्यक्ष पाण्डेयले भन्नुभयो, "आगामी दिनमा यहाँबाट विभिन्न सामाजिक, शैक्षिक तथा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।"

उहाँले भवन निर्माण कार्य समयमै सम्पन्न गर्नका लागि सबै सदस्य, शुभेच्छुक तथा सहयोगीहरूलाई आर्थिक र नैतिक सहयोग गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्ने अन्य वक्ताहरूले भवन निर्माणले समुदायबीच आपसी सद्भाव र एकता अभिवृद्धि गर्नुका साथै युवापुस्तालाई सामाजिक कार्यमा संलग्न गराउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनीहरूले परम्परागत मूल्य-मान्यता संरक्षण तथा नयाँ पुस्तालाई सांस्कृतिक रूपमा सचेत बनाउन पनि भवन उपयोगी हुने धारणा राखे ।

शिलान्यास कार्यक्रममा अध्यानन्द पाण्डे, अरुण कुमार दुबे, राकेश पाण्डेय लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । साथै मनिन्द्र शर्मा, सुजित पाण्डे, उमेश दुबे, चन्द्रभूषण शर्मा, विजय पाण्डेय, अशुतोष पाण्डे तथा नेपाल पत्रकार महासंघ बारा का सदस्य धिरेन्द्र तिवारी सहित अन्य सरोकारवालाहरूको पनि सहभागिता थियो ।

ब्राह्मण समाज नेपाल बाराले भवन निर्माण कार्यलाई चरणबद्ध रूपमा अघि बढाउने योजना सार्वजनिक गरेको छ । पहिलो चरणमा आधारभूत संरचना निर्माण गरिने र आगामी चरणहरूमा आवश्यक भौतिक तथा संस्थागत विस्तार गरिने जनाइएको छ ।

समुदायको साझा प्रयास र सहयोगबाट अघि बढाइएको यस परियोजनाले सामाजिक एकता, सांस्कृतिक संरक्षण तथा संस्थागत विकासमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ ।

## बारा जिल्लामा १४०औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस विविध कार्यक्रमसहित मनाइयो

*बारा, १८ बैशाख*

बारा जिल्लाको आदर्श कोतवाल गाउँपालिका अन्तर्गत वडा नम्बर ३, ५ र ६ मा १४०औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस विभिन्न कार्यक्रमका साथ उत्साहपूर्वक मनाइएको छ ।

एक्सन एड नेपाल को सहयोग तथा जन जागरण युवा क्लब बारा को आयोजनामा सम्पन्न कार्यक्रममा वडा स्तरका सरोकारवाला, श्रमिक महिला समूह, युवा सञ्जाल तथा स्थानीय समुदायको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रमको क्रममा श्रमिक अधिकार, श्रमको सम्मान तथा सामाजिक न्यायका विषयमा व्यापक छलफल गरिएको थियो ।




वक्ताहरूले विश्वभरका श्रमिकबीच एकता कायम गर्दै उनीहरूको हक-अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरूले श्रमिकहरूले गरेको श्रमको उचित मूल्यांकन हुनुपर्ने, समयमै पारिश्रमिक उपलब्ध गराइनुपर्ने तथा सुरक्षित कार्य वातावरण सुनिश्चित गरिनुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा बोल्दै नरेश साह ले श्रमिकको पसिना नै कुनै पनि संस्था, समुदाय र राष्ट्रको वास्तविक पूँजी भएको उल्लेख गर्नुभयो । उहाँले श्रमिकहरूको सम्मान र अधिकारको रक्षा बिना समृद्ध समाज निर्माण असम्भव रहेको बताउनुभयो ।

यस अवसरमा स्थानीय महिला नेतृ चन्द्रकला गुप्ता सहित विभिन्न सामाजिक तथा राजनीतिक क्षेत्रका व्यक्तित्वहरूको सहभागिता रहेको थियो । सहभागीहरूले श्रमिकहरूको योगदानप्रति सम्मान व्यक्त गर्दै उनीहरूको जीवनस्तर सुधारका लागि राज्य र सरोकारवाला निकायले थप जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रम अन्तर्गत सचेतनामूलक अन्तरक्रिया, अनुभव आदान-प्रदान तथा श्रमिक एकताको सन्देश प्रवाह गर्ने गतिविधिहरू सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

आयोजक संस्था जन जागरण युवा क्लब बारा ले यस्ता कार्यक्रमले श्रमिकहरूबीच एकता सुदृढ गर्नुका साथै अधिकारप्रति जागरूकता बढाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको छ ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।

सम्पर्क नम्बर : ९८४५२२६३०५

## योजना तर्जमामा नागरिक सहभागिता अभिमुखिकरण कार्यक्रम सम्पन्न

*मानिकचन साह*

*बारा, १८ बैशाख*

कलैया उपमहानगरपालिका वडा नं. १ मा योजना तर्जमामा नागरिक सहभागिता सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । मिति २०८३ साल वैशाख १६ गते आयोजना गरिएको उक्त कार्यक्रम वडा नं. १ अन्तर्गत रहेको राजदेबी माइ मन्दिरको प्राङ्गणमा वडा अध्यक्ष मोहन बहादुर क्षेत्रीको अध्यक्षतामा सम्पन्न भएको हो ।



सामाजिक परिवर्तन केन्द्रको आयोजनामा सम्पन्न कार्यक्रममा सखी महिलाको साथी हिरामती कुशवाहा सहित स्थानीय युवा, जेन युवा, समाजसेवी तथा सर्वसाधारणको सक्रिय सहभागिता रहेको थियो । आयोजकका अनुसार कार्यक्रममा जम्मा ३० जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सामाजिक परिवर्तन केन्द्रका प्रतिनिधि बिक्की कुशवाहाले प्रशिक्षण तथा सहजीकरण गर्दै योजना तर्जुमा प्रक्रियामा नागरिकको भूमिका, प्राथमिकता निर्धारणका आधार, योजना निर्माण प्रक्रिया तथा सरकारी निकायसँग समन्वय गर्ने तरिकाबारे विस्तृत जानकारी प्रदान गर्नुभएको थियो ।

त्यसैगरी, कार्यक्रमलाई व्यवहारिक र प्रभावकारी बनाउन सहभागीहरूलाई दुई समूहमा विभाजन गरी समूहगत छलफल तथा अभ्यास गराइएको थियो । दुवै समूहले आ-आफ्नो प्रस्तुति प्रस्तुत गरेका थिए ।

कार्यक्रमको सहजीकरण बिक्की कुशवाहा र सखी महिलाको साथी हिरामती कुशवाहाले संयुक्त रूपमा गर्नुभएको थियो ।

कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहमा योजना निर्माण प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्दै सामूहिक सोचमार्फत प्रभावकारी विकासलाई अगाडि बढाउनु रहेको सामाजिक परिवर्तन केन्द्रका प्रतिनिधि बिक्की कुशवाहाले जानकारी दिनुभयो । आयोजकका अनुसार कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुबे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्युटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# दलीय कि निर्दलीय, बाराको बहसले देखाएको संकेत

मधेस प्रदेश अन्तर्गतको बारा जिल्ला यतिबेला एउटा महत्वपूर्ण बहसको केन्द्रमा छ । स्थानीय निकायको निर्वाचन दलीय आधारमा गर्ने कि निर्दलीय रुपमा? यो बहस केवल प्रक्रियागत विषय होइन, बरू स्थानीय शासनको प्रभावकारिता, पारदर्शिता र जनविश्वाससँग प्रत्यक्ष जोडिएको प्रश्न हो ।

विगत करिब तीन दशकभन्दा बढी समयदेखि दलीय आधारमा हुँदै आएको स्थानीय निर्वाचनले अपेक्षित विकास दिन नसकेको गुनासो नयाँ होइन । तर अहिले यो असन्तुष्टि अझ स्पष्ट र संगठित रुपमा सतहमा देखिन थालेको छ । जनताले अनुभव गरेका छन् कि दलगत प्रतिस्पर्धा धेरैजसो अवस्थामा विकासको एजेन्डाभन्दा पनि शक्ति सन्तुलन, भागबन्डा र स्वार्थ व्यवस्थापनतर्फ केन्द्रित रह्यो । यसको प्रत्यक्ष असर शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारजस्ता आधारभूत क्षेत्रमा देखिएको छ । विशेषगरी फेटा गाउँपालिका र बिश्रामपुर गाउँपालिका जस्ता क्षेत्रमा उठेका आवाजहरुले एउटा गम्भीर सन्देश दिएका छन स्थानीय तहमा दलीय संरचनाले प्रशासनिक संयन्त्रलाई समेत प्रभावित बनाएको अनुभूति । जब निर्णय प्रक्रियामा दलगत निष्ठा योग्यता र उत्तरदायित्वभन्दा माथि पुग्छ, तब सुशासन केवल नारा बन्ने खतरा हुन्छ ।

तर, निर्दलीय प्रणाली नै सबै समस्याको समाधान हो भन्ने निष्कर्षमा पुग्नु पनि सजिलो छैन । दलीय प्रणाली लोकतान्त्रिक संरचनाको एउटा महत्वपूर्ण आधार हो, जसले नीति, विचार र उत्तरदायित्वको स्पष्ट ढाँचा दिन्छ । निर्दलीय प्रणालीमा व्यक्तिको क्षमता अगाडि आउन सक्छ, तर त्यससँगै उत्तरदायित्वको संरचना कमजोर हुने जोखिम पनि रहन्छ ।

यसैले मूल प्रश्न प्रणालीभन्दा पनि कार्यान्वयनको गुणस्तर हो । दलीय प्रणालीभित्रै सुधार सम्भव छ । यदि पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायित्वलाई प्राथमिकता दिइयो भने । त्यस्तै, निर्दलीय अभ्यासलाई पनि प्रभावकारी बनाउन स्पष्ट मापदण्ड र निगरानी संयन्त्र आवश्यक हुन्छ । बारामा उठेको यो बहसलाई केवल असन्तुष्टिको अभिव्यक्ति भनेर मात्र हेर्नु हुँदैन । यो जनताको चेतना र अपेक्षाको संकेत हो । अब राज्य र राजनीतिक दलहरुले आत्मसमिक्षा गर्ने बेला आएको छ–के वर्तमान प्रणालीले जनताको विश्वास जित्न सकेको छ? यदि छैन भने सुधारको बाटो के हो?

अन्ततः, चाहे दलीय होस् वा निर्दलीय, स्थानीय शासनको केन्द्रमा जनताको हित, पारदर्शिता र परिणाममुखी सेवा रहनुपर्छ । प्रणाली होइन, परिणामले नै जनताको विश्वास जित्ने हो ।

# मजदुरको सामाजिक सुरक्षा !



*सत्यराम कासिछ्वा*

वर्तमान श्रम बजारमा आमूल परिवर्तनको खाँचो छ । किनकि न्यायपूर्ण श्रम बजार नै उन्नत नेपालको आधारशिला हो ।

नेपालबाट झन्डै एक करोड जनशक्ति विदेश पलायन भएका छन् । तिनीहरू शिक्षा र रोजगारीको नाममा बाहिरिएका हुन् । देशका खनिज र जडीबुटीको उचित प्रयोग हुन सकेन । प्राकृतिक स्रोतको सदुपयोग गर्ने वातावरण नै बनेन । यसले गर्दा लाखौं युवा बिदेसिन बाध्य छन् । कतिपय कानुनी र कतिपय गैरकानुनी बाटोबाट गएका छन् । देशभित्रको श्रम क्षेत्र मर्यादित हुन सकेन । सेवा क्षेत्रको व्यवस्थापन पनि निकै फितलो छ । विदेशको जस्तो आकर्षक तलब यहाँ पाइँदैन । यही निहुँमा दक्ष जनशक्तिले देश छाड्दै छन् । यसमा डाक्टर, इन्जिनियर र पाइलटहरू पनि छन् । नर्स, वकिल र शिक्षकहरू पनि पलायन हुँदैछन् । यसले नयाँ पुस्ताको भविष्य अन्योलमा पारेको छ ।

श्रमको असमानता र पलायनको पीडा : नेपालको ७५ प्रतिशत अर्थतन्त्र अनौपचारिक क्षेत्रले धानेको छ । यस क्षेत्रले धेरै दैनिक ज्यालादारी रोजगारी सिर्जना गर्छ । तर यहाँ सरकारी योजनाको पहुँच पुग्न सकेन । ज्यालादारी मजदुरको रोजगारी सधैं अस्थिर रहने गर्छ । यता औपचारिक क्षेत्रको अवस्था भने निकै फरक छ । बैंक, सरकारी संस्थान र विद्यालयमा स्थायी कर्मचारी छन् । तिनीहरूले ग्रेड, भत्ता र पेन्सनको सुविधा पाउँछन् । महँगी भत्ता र पोसाक भत्ता पनि सुनिश्चित छ । तर जनताको काममा भने ढिलासुस्ती देखिन्छ । नियमको आडमा बिदा लिने प्रवृत्ति बढ्दो छ । यसले गर्दा सेवाग्राहीहरू सधैं मर्कामा पर्ने गरेका छन् ।

नेपालमा कृषिको योगदान ८० प्रतिशतभन्दा बढी छ । खेती किसानी गर्ने किसानलाई अनौपचारिक क्षेत्र भनिन्छ । सरकारले किसानमाथि अन्यायपूर्ण विभेद गरिरहेको छ । किसानको बाँच्न पाउने मौलिक हक सुनिश्चित छैन । विगतमा किसानलाई राज्यले ठूलो सम्मान दिन्थ्यो । उनीहरूले देशको अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत गर्थे । तर अहिले कृषि क्षेत्र उपेक्षित बन्दै गएको छ । किसानले आफ्नो श्रमको उचित मूल्य पाउन सकेका छैनन् । राज्यको लगानी र सुरक्षा किसानसम्म पुग्न सकेन । यसले गर्दा ग्रामीण अर्थतन्त्र झन् कमजोर बन्दै गएको छ ।

उपेक्षित कृषि र असुरक्षित मजदुर : आधुनिकताका नाममा सेवा क्षेत्रलाई मात्र प्राथमिकता दिइयो । सेना, प्रहरी र निजामती कर्मचारीलाई सुरक्षा दिइयो । उनीहरूले आजीवन पेन्सन र भत्ताको सुविधा पाए । तर किसानको निःस्वार्थी सेवाको कतै मूल्यांकन भएन । किसानलाई हेलाँको दृष्टिकोणले हेर्ने प्रवृत्ति बढ्यो । व्यापार र निर्माण क्षेत्रका मजदुरको पीडा पनि उस्तै छ । उनीहरू सामाजिक सुरक्षाको दायराभन्दा निकै टाढा छन् । राज्यले उनीहरूको श्रमलाई सम्मान गर्न सकेको छैन । जसका कारण युवाहरू कृषि कर्म छोडेर बिदेसिएका छन् । यो राष्ट्रिय अर्थतन्त्रका लागि निकै ठुलो क्षति हो ।

अन्तर्राष्ट्रिय मापदण्डअनुसार मजदुरले आठ घण्टा काम गर्नुपर्छ । औपचारिक क्षेत्रका उनीहरूले विभिन्न सुविधाहरू पाउँछन् । उनीहरूलाई नियुक्तिपत्र र सञ्चयकोषको व्यवस्था गरिएको छ । चियानास्ता, जाडोमा हिटर र गर्मीमा पंखा उपलब्ध छ । तर उनीहरूले ६ घण्टा पनि काम गर्दैनन् । उता अनौपचारिक मजदुरको हालत भने निकै कष्टकर छ । उनीहरू घामपानी र हिलोमैलोमा निरन्तर खट्छन् । दैनिक १० देखि १६ घण्टासम्म श्रम गर्छन् । तैपनि उनीहरूले सामान्य सुविधाको सपना मात्र देख्छन् । राज्यले उनीहरूलाई फरक र विभेदपूर्ण नजरले हेर्छ ।

कार्यघण्टाको विभेद र सुविधाको खाडल : किसानहरू संसारकै उत्पादनका मुख्य सक्रिय जनशक्ति हुन् । किसानबिना कुनै पनि वस्तुको उत्पादन सम्भव छैन । उनीहरूले पसिना बगाएर परिवारको गुजारा चलाएका छन् । किसान जीवनभर उत्पादनमूलक काममा सक्रिय रहन्छन् । तर उनीहरूले कुनै सामाजिक सुरक्षाको ग्यारेन्टी पाउँदैनन् । हामीले उनीहरूलाई उत्पादनशील श्रमिकका रूपमा चिन्नुपर्छ । उनीहरूको श्रमलाई राज्यले उच्च सम्मान दिनुपर्छ । उत्पादनमा संलग्न श्रमिक सुरक्षित भए मात्र देश बन्छ । तर वर्तमान नीतिले किसानलाई सधैं गरिबीमा राखेको छ । यो विभेदपूर्ण व्यवस्था अब बदल्नै पर्छ । देशको विकासमा अनौपचारिक श्रमिकको भूमिका महत्वपूर्ण हुन्छ । उनीहरू शारीरिक र मानसिक रूपमा सुरक्षित हुनुपर्छ । त्यसो भएमा मात्र राष्ट्रले लाभ लिन सक्छ । अनौपचारिक श्रमिकले सधैं सामाजिक सेवा गरिरहेका हुन्छन् । तर उनीहरूले समाजबाट उचित सम्मान पाएका छैनन् । रोगव्याधि वा दुर्घटना हुँदा उनीहरू एक्लै हुन्छन् । परिवार पाल्नका लागि उनीहरू जोखिम मोल्न बाध्य छन् । व्यापार र निर्माणमा उनीहरूको लगानी ठूलो छ । तर राज्यले उनीहरूलाई पेन्सनको व्यवस्था गरेको छैन । यो अन्यायपूर्ण अवस्थाले समाजमा खाडल बढाएको छ ।

जोखिमपूर्ण श्रम र राज्यको मौनता : औपचारिक क्षेत्रका कर्मचारीलाई राज्यले धेरै सुरक्षित बनायो । उनीहरूले बिदा, उपचार र पेन्सनको ग्यारेन्टी पाए । तर यसले 'भोलिवाद'को प्रवृत्तिलाई जन्म दियो । धेरै कर्मचारीहरू भ्रष्टाचारमा समेत संलग्न हुन थाले । उनीहरू आफ्नो जिम्मेवारीबाट टाढा भाग्ने गर्छन् । जनताका काममा बहानाबाजी गर्ने परिपाटी बस्यो । यसले गर्दा आम नागरिक सरकारी सेवाप्रति रुष्ट छन् । कर्मचारीहरूले पुस्तौंका लागि सम्पत्ति जोड्ने ध्येय राखे । तर राष्ट्र निर्माणको भावना उनीहरूमा कमजोर देखियो । यसले प्रशासनिक संयन्त्रलाई नै बदनाम गराएको छ । गणतान्त्रिक मुलुकमा श्रमिकलाई लगानीको जोखिम हुँदैन । तर किसानले आफ्नो श्रम र पैसा दुवै लगाउँछन् । अब सामाजिक सुरक्षा कोषमा परिवर्तन हुनु आवश्यक छ । उत्पादन क्षेत्रमा जोखिम मोल्नेलाई प्राथमिकता दिनुपर्छ । अनौपचारिक श्रमिकहरू कानुनी रूपमा दर्ता हुन सकेका छैनन् । त्यसैले उनीहरूले राज्यको कुनै पनि सुविधा पाएका छैनन् । सरकार भने रेमिट्यान्सको लोभमा मात्र केन्द्रित छ । वैदेशिक रोजगारीमा जानेलाई मात्र कोषमा समेटिएको छ । देशभित्रै पसिना बगाउने किसानहरू सधैं ओझेलमा परेका छन् ।

सामाजिक सुरक्षा र समावेशी न्याय : नेपालमा २०७५ सालदेखि सामाजिक सुरक्षा कोष सुरु भयो । सुरुमा केही संगठित निजी क्षेत्रलाई समेटियो । पछि वैदेशिक र स्वरोजगार श्रमिकलाई पनि थपियो । तर बहुसंख्यक किसान र ज्यालादारी मजदुर अझै बाहिरै छन् । उनीहरूलाई कोषको दायरामा ल्याउन कुनै पहल भएन । संविधानले समतामूलक समाजको परिकल्पना गरेको छ । सबै श्रमिकले सुरक्षा र अधिकार पाउनुपर्ने प्रावधान छ । तर व्यवहारमा भने यो लागू हुन सकेन । शिक्षा र स्वास्थ्यमा सबैको समान पहुँच हुनुपर्छ । बिना भेदभाव सम्मान पाउने वातावरण तयार हुनुपर्छ ।

उत्पादनशील श्रमिक सुरक्षित भएमात्र उत्पादकत्व बढ्छ । यसले रोजगारदाता र राज्य दुवैलाई फाइदा पुग्छ । त्यसैले उत्पादनमूलक क्षेत्रका श्रमिकलाई पेन्सन दिनुपर्छ । अन्य शीर्षकका भत्ताहरू पनि उनीहरूले पाउनुपर्छ । औपचारिक क्षेत्रका कर्मचारीलाई मात्र सुविधा दिनु हुँदैन । उनीहरूको तलब र पेन्सन धान्न ऋण लिनु परेको छ । वैदेशिक ऋण र अनुदानमा देश चल्नु दुःखद् हो । अनौपचारिक श्रमिकहरूले आफ्नै रगत र पसिना बगाएका छन् । उनीहरूले व्यक्तिगत लगानीमा वस्तु र सेवा उत्पादन गर्छन् । तर उनीहरूको योगदानलाई राज्यले सधैं अवमूल्यन गऱ्यो । प्रशासनिक सुधार र कर्मचारीतन्त्रको बेथिति : औपचारिक क्षेत्रमा कर्मचारी नियुक्तिको प्रक्रिया पनि गलत छ । धेरै ठाउँमा भनसुन र शक्तिको भरमा नियुक्ति हुन्छ । अस्थायी सेवा गणना गरेर ग्रेड बढाउने होड चल्छ । उनीहरू काम छोडेर आन्दोलन र हडतालमा उत्रिन्छन् । पञ्चायती शैलीको यो प्रशासनिक ढाँचा अब चल्दैन । यसले नेपाललाई विश्व परिवेशमा असफल बनाउन सक्छ । एक पटक नियुक्ति भएपछि आजीवन योग्य ठानिन्छ । यो सोचले सेवाको गुणस्तरलाई कमजोर बनाएको छ । जनताले समयमा र सहज रूपमा सेवा पाउन सकेका छैनन् । यस्तो घातक व्यवस्थालाई तत्काल सुधार गर्नुपर्छ । महिना दिनमा पाइने तलब अब १५ दिनमा पाउने व्यवस्था यो सरकारले गरेको छ । तर अब भने सरकारले कार्यघण्टाका आधारमा तलब दिनुपर्छ । राजतन्त्र अन्त्य भएको दुई दशक पुग्न लाग्यो । तर प्रशासनमा अझै राणाकालीन र पञ्चायती अवशेष छन् । अंगभंग भएका सैनिकलाई दिइने पेन्सनको सिको गरियो । सबै कर्मचारीलाई पेन्सन दिनु राज्यका लागि भार हो । यसले सरकारलाई वैदेशिक ऋण लिन बाध्य पारेको छ । महँगी भत्ता र बोनस लिनु भ्रष्टाचार सरह हो । यो देश र जनताको भविष्यमाथिको कुठाराघाट हो । त्यसैले स्थायी नियुक्ति र पेन्सन प्रथा खारेज गर्नुपर्छ । पोसाक भत्ता र दिनगन्तीको बिदा पनि हटाउनुपर्छ ।

नयाँ कर्मचारी नीति र भविष्यको मार्गचित्र : कर्मचारीलाई कार्यघण्टाका आधारमा मात्र सुविधा दिनुपर्छ । यसो गरेमा धेरै युवाले रोजगारीको अवसर पाउनेछन् । यसले समाजमा वास्तविक सामाजिक न्याय स्थापना गर्छ । दैनिक दुई हजार युवा बिदेसिनुपर्ने अवस्था रहँदैन । अब सरकारले शक्तिशाली र साहसी निर्णय लिनुपर्छ । उमेरको हदबन्दी हटाएर नयाँ नीति ल्याउनुपर्छ । हरेक तीन वर्षमा कर्मचारीको परीक्षा लिने व्यवस्था होस् । परीक्षामा अनुत्तीर्ण हुनेलाई बिदा गर्ने आँट गर्नुपर्छ । लगातार उत्तीर्ण हुनेलाई मात्र पदोन्नति र ग्रेड दिनुपर्छ । यसले सेवालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउँछ ।

अनौपचारिक क्षेत्रका मजदुरका लागि आशाको किरण देखिएको छैन । सरकारी वा गैरसरकारी निकायले उनीहरूलाई हेरेका छैनन् । तैपनि उनीहरू परिवारका लागि निरन्तर खटिरहेका छन् । संविधान र संघीयताको मर्मअनुसार उनीहरूको संरक्षण हुनुपर्छ । जोखिम मोल्ने श्रमिकको सामाजिक सुरक्षा राज्यको कर्तव्य हो । किसान र मजदुरको भविष्य सुनिश्चित नभई देश बन्दैन । श्रमको उचित सम्मान र समान वितरण नै आजको आवश्यकता हो । अबको बाटो भनेको उत्पादनमा आधारित सामाजिक सुरक्षा नै हो । यसले मात्र देशलाई समृद्धि र न्यायको दिशामा लैजानेछ ।

निष्कर्ष : नेपालको वर्तमान श्रम बजार र प्रशासनिक संरचनामा आमूल परिवर्तनको खाँचो छ । एकातिर देशको मेरुदण्ड मानिने किसान र अनौपचारिक श्रमिकहरू सुरक्षाविहीन छन्, अर्कोतिर राज्यको ढुकुटीबाट सेवा-सुविधा लिने औपचारिक क्षेत्र अनुत्पादक बन्दै गएको छ । श्रमको सम्मान नहुने र पहुँचका आधारमा मात्र सुविधाहरू वितरण हुने परिपाटीले युवा पुस्तालाई निराश बनाएको छ । यदि हामीले कार्यघण्टामा आधारित पारिश्रमिक, आवधिक कार्यक्षमता परीक्षण र सबैका लागि समान सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न सकेनौं भने जनशक्ति पलायनको यो लहर रोकिने छैन ।

राज्यले अब सुविधाभोगी कर्मचारीतन्त्रको सट्टा उत्पादनशील श्रमिकलाई केन्द्रमा राखेर नीति बनाउनुपर्छ । पसिना बगाउनेको हक र राष्ट्रिय समृद्धिको सपनालाई जोड्न सकिएमा मात्र संघीय गणतन्त्रको वास्तविक अनुभूति आम नागरिकले गर्न पाउनेछन् । न्यायपूर्ण श्रम बजार नै उन्नत नेपालको आधारशिला हो ।


गौर प्राथमिक कान उपचार केन्द्र
गौर – १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ

सम्पर्क नं – + ९७७ ९८५११९१०५०, ९८४४४४४३४७
इंडियन नं :– +91 8935959150
सम्पर्क स्थान :– जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# सुकीलाई नजरबन्दमा सार्ने निर्णय, अन्तर्राष्ट्रिय छविमा केन्द्रित कदम

***एजेन्सी-*** पाँच वर्षदेखि हिरासतमा राखिएकी अपदस्थ नेता आङ सान सुकीलाई म्यान्माको सैनिक नेतृत्वले नजरबन्दमा सार्ने निर्णय गरेको छ। जुन्ता प्रमुखबाट नागरिक राष्ट्रपति बनेका मिन आङ ह्लाइङले बिहीबार सुकीको बाँकी सजाय 'तोकिएको निवास' मा पूरा गर्न दिने आदेश दिएका हुन्। यसलाई धेरैले अन्तर्राष्ट्रिय दबाब कम गर्ने प्रयासका रूपमा हेरेका छन्। राष्ट्रपतिको कार्यालयले जारी गरेको विज्ञप्तिमा ८० वर्षीया सुकीको सजायको स्वरूप परिवर्तन गरिएको उल्लेख गरिएको छ, तर उनलाई कहाँ राखिने भन्ने स्पष्ट पारिएको छैन। सार्वजनिक गरिएको एउटा तस्वीरमा उनी दुई जना सुरक्षाकर्मीसँग बसेको देखिन्छ।



सुकीको पार्टी नेशनल लिग फर डेमोक्रेसी (एनएलडी) का एक वरिष्ठ स्रोतका अनुसार उहाँलाई राजधानी नेपिडोको कुनै सुरक्षित स्थानमा राखिएको हुनसक्ने अनुमान गरिएको छ, यद्यपि ठेगाना गोप्य राखिएको छ। नेपिडोस्थित एक प्रहरी स्रोतले सुरक्षा व्यवस्थालाई कडाइका साथ लागू गर्न निर्देशन दिइएको जानकारी दिएका छन्। उनका अनुसार 'तोकिएको निवास' पूर्ण रूपमा सुरक्षा निकायको नियन्त्रणमै रहनेछ। सुकीको सजाय कति बाँकी छ भन्नेबारे पनि सरकारी पक्षले खुलाएको छैन।

यस निर्णयलाई अन्तर्राष्ट्रिय समुदायले सावधानीपूर्वक स्वागत गरेको छ। संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले यसलाई 'विश्वसनीय राजनीतिक प्रक्रियातर्फको सम्भावित संकेत' भने। यद्यपि सुकीका वकिलहरूले भने उनी अझै पनि अन्यायपूर्ण रूपमा स्वतन्त्रताबाट वञ्चित रहेको बताएका छन्।

सन् २०२१ मा सैनिक कू मार्फत सत्ता कब्जा गरेपछि मिन आङ ह्लाइङ नेतृत्वको सेनाले सुकीको निर्वाचित सरकार अपदस्थ गर्दै उहाँलाई विभिन्न आरोपमा हिरासतमा राखेको थियो। अधिकारवादी समूहहरूले ती आरोपहरूलाई राजनीतिक रूपमा प्रेरित बताएका छन्। त्यसयता देश गृहयुद्धमा फसेको छ, जसले हजारौंको ज्यान लिएको छ भने लाखौं मानिस विस्थापित भएका छन्।

हालै सम्पन्न विवादास्पद चुनावपछि नागरिक राष्ट्रपति बनेका मिन आङ ह्लाइङले एनएलडीलाई प्रक्रिया बाहिर राखेका थिए। चुनावमा आलोचना वा विरोध गर्नेलाई कडा सजायको व्यवस्था गरिएको थियो भने द्वन्द्वग्रस्त क्षेत्रमा मतदान नै हुन सकेन। लोकतन्त्रका पक्षधरहरूले यसलाई सैनिक शासनलाई वैधानिक देखाउने प्रयासका रूपमा व्याख्या गरेका छन्।

विश्लेषकहरूका अनुसार सुकीलाई नजरबन्दमा सार्ने निर्णय पनि त्यही रणनीतिको निरन्तरता हुन सक्छ। सुकीका छोरा किम एरिसले यसलाई 'पुरानै शैलीको खेल' भन्दै अन्तर्राष्ट्रिय छवि सुधार्ने प्रयास भएको बताए। उनले सुकीलाई परिवार र कानूनी टोलीसँग सम्पर्क गर्न दिइनुपर्नेमा जोड दिए। देशभित्र अझै लोकप्रिय रहेकी सुकी लामो समयदेखि बाह्य सम्पर्कबाट टाढा राखिएकी छन्। परिवारले उनको स्वास्थ्यप्रति चिन्ता व्यक्त गर्दै आएको छ। यसैबीच, मिन आङ ह्लाइङले उनका निकट सहयोगी तथा पूर्वराष्ट्रपति विन मिन्टलाई पनि हालै क्षमादान दिनुभएको छ, जसलाई राजनीतिक संकेतका रूपमा हेरिएको छ।

## भन्सारमा.......

रूपमा सहभागी हुनेछन्। कार्यक्रममा सहजकर्ताको भूमिका पनि मधेसमा सक्रिय काँग्रेसका युवा तथा बौद्धिक नेता कन्चन झाले निर्वाह गर्ने भएका छन्। काँग्रेस सभापति गगनकुमार थापाले पनि १०० रुपैयाँको सीमा हटाएर व्यवहारिक नयाँ विकल्प खोज्न सबैलाई आग्रह गरेका छन्। उनका अनुसार अहिलेको व्यवस्थाले सीमावर्ती नागरिकहरूलाई अनावश्यक सास्ती दिएको छ र जनजीवनमा प्रत्यक्ष असर पारेको छ। कांग्रेसले सीमामा बसोबास गर्ने नागरिकको अनुभव, पीडा र सरोकारलाई उत्तरदायी तथा तथ्य धारित भएर नीति निर्माण तहसम्म पुऱ्याउने गरी यस विषयलाई उठान गर्न थालेको छ। सीमावर्ती जिल्लाका नागरिकहरू परम्परादेखि छिमेकी बजारमा दैनिक उपभोग्य सामग्री, औषधि, लत्ताकपडा र साना सामान किनमेल गर्दै आएका छन्। तर १०० रुपैयाँको सीमा कडाइका साथ लागू गरिएपछि सामान्य घर खर्चका वस्तु ल्याउन समेत कठिनाइ भएको गुनासो अत्यधिक बढेको छ।

स्थानीय बासिन्दाले यो व्यवस्था व्यवहारिक नभएको बताइरहेका छन्। अहिलेको मूल्यवृद्धिको समयमा १०० रुपैयाँले सामान्य खाद्यवस्तु समेत नआउने अवस्था रहेको उनीहरूको भनाइ छ। कांग्रेसले जनजीविकामा प्रत्यक्ष नकारात्मक असर परेको यस विषयलाई उठान गर्न सडक आन्दोलनभन्दा संवाद, तथ्य सङ्कलन र नीतिगत दबाबको बाटो रोजेको छ। "ग्रिन टेबल" मार्फत सीमावर्ती क्षेत्रका व्यवसायी, उपभोक्ता, नागरिक समाज र विज्ञहरूलाई एकै ठाउँमा ल्याएर कांग्रेसले सरकारमाथि दबाब सिर्जना गर्न लागेको हो।

पार्टी स्रोतका अनुसार यो अभियान केवल विरोधका लागि विरोध नभई व्यवहारिक विकल्पसहितको बहसमा केन्द्रित हुनेछ। सीमा नीतिलाई समयसापेक्ष बनाउने, स्थानीय जीवनशैली बुझ्ने र राजस्व तथा जनजीवनबिच सन्तुलन खोज्ने विषय उठाइनेछ।

सरकारले राजस्व चुहावट रोक्न र अवैध आयात नियन्त्रण गर्न कडाइ गरेको दाबी गरे पनि त्यसको असर सर्वसाधारणमाथि परेको भन्दै आलोचना बढेको छ। सीमावर्ती क्षेत्रमा बस्ने नागरिकहरूलाई तस्करसँग तुलना गरेर व्यवहार गर्न खोजिएको भावना समेत देखिन थालेको छ।

विशेषगरी तराई-मधेस र सीमावर्ती जिल्लामा यो मुद्दा जनभावनासँग जोडिन थालेको छ। १०० रुपैयाँको सीमा अब केवल भन्सार नियमको विषय मात्र नभई जनजीवन, रोजगारी, स्थानीय अर्थतन्त्र र राज्यको संवेदनशीलतासँग जोडिएको प्रश्न बनेको छ।

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

वृन्दावन नगरपालिका, विश्रामपुर, रौतहट







जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

प्रसौनी गाउँपालिका, प्रसौनी, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# बागवानी बालीमा ढुसी रोग नियन्त्रणका लागि बोर्डो मिश्रण प्रभावकारी

*बारा, १८ बैशाख*

बागवानी बालीमा लाग्ने विभिन्न ढुसीजन्य रोग नियन्त्रणका लागि प्रयोग गरिने बोर्डो मिश्रण, बोर्डो पेस्ट तथा बोर्डो पेन्टको सही तयारी र प्रयोग विधिबारे कृषकहरूलाई जानकारी गराइएको छ।



कृषि प्राविधिक सन्जय कुश्वाहाका अनुसार यी पदार्थहरू सस्तो, प्रभावकारी तथा स्थानीय स्तरमै सहज रूपमा तयार गर्न सकिने भएकाले कृषकका लागि उपयोगी सावित भएका छन्। उहाँका अनुसार बोर्डो मिश्रण निलातुथो (ऋयउउभच कगा( उजबतभ), चुना र पानीलाई १:१:१०० को अनुपातमा मिसाएर तयार गरिन्छ। सामान्यतया प्रति लिटर पानीमा १० ग्राम निलातुथो र १० ग्राम चुना प्रयोग गरिन्छ। यो मिश्रण बिरुवाका पात, हाँगा तथा जरामा लाग्ने ढुसीजन्य रोग नियन्त्रणमा प्रभावकारी मानिन्छ।

तयारी विधिमा

बोर्डो मिश्रण बनाउन पहिलो चरणमा निलातुथोलाई आधा लिटर पानीमा घोलेर निलो घोल तयार गरिन्छ। त्यसैगरी अर्को भाँडामा चुनालाई आधा लिटर पानीमा घोलेर छुट्टै घोल बनाइन्छ। त्यसपछि दुवै घोललाई एकैपटक अर्को भाँडामा मिसाई राम्रोसँग चलाइन्छ।

तयार मिश्रण प्रयोग गर्नुअघि फलामको टुक्रा डुबाएर परीक्षण गरिन्छ। यदि खिया जस्तो देखिएमा निलातुथो बढी भएको संकेत मानिन्छ र थप चुना मिसाउनुपर्ने हुन्छ र बोर्डो पेस्ट र पेन्टको प्रयोग बोर्डो पेस्ट निलातुथो, चुना र पानीलाई १:१:१० को अनुपातमा मिसाएर बनाइने बाक्लो घोल हो, जुन विशेषगरी बिरुवाको घाउमा प्रयोग गरिन्छ।त्यस्तै, बोर्डो पेन्ट १ भाग निलातुथो, २ भाग चुना र ३ भाग अलसीको तेल मिसाएर तयार गरिन्छ, जसले बिरुवाको काटिएका भाग तथा तना सुरक्षित राख्न मद्दत गर्दछ।

प्रयोग विधि

बोर्डो मिश्रणलाई बिरुवाको जरामा ड्रेन्चिङ तथा पात र हाँगामा छर्किने ढुसीनाशकको रूपमा प्रयोग गर्न सकिन्छ। बोर्डो पेस्ट वा पेन्ट भने बिरुवाको काटिएका घाउ, तना तथा प्वालहरूमा लगाइन्छ।

*सावधानी अपनाउन आग्रह*

कृषि प्राविधिकले बोर्डो मिश्रण तयार गर्दा धातुको भाँडा प्रयोग नगर्न, काठ वा प्लास्टिकका भाँडा मात्र प्रयोग गर्न तथा काँचो चुना प्रयोग गर्न सुझाव दिएका छन्।साथै तयार गरिएको मिश्रण २४ घण्टाभित्र प्रयोग गर्नुपर्ने र नर्सरीका कलिला बिरुवामा ०.५ प्रतिशत मात्राको घोल मात्र प्रयोग गर्नुपर्नेमा जोड दिइएको छ।

कृषि प्राविधिक कुश्वाहाका अनुसार सही तरिकाले प्रयोग गरेमा बोर्डो मिश्रण तथा पेस्टले बागवानी बालीमा लाग्ने ढुसीजन्य रोगलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

# लोककल्याणकारी विज्ञापनका लागि आमसञ्चार प्राधिकरण जनकपुरको नयाँ कार्यादेश जारी

*जनकपुरधाम, १८ बैशाख*

आमसञ्चार प्राधिकरण जनकपुरले मधेश प्रदेशका सञ्चारमाध्यमहरूका लागि लोककल्याणकारी विज्ञापन प्रसारण तथा प्रकाशनसम्बन्धी नयाँ कार्यादेश जारी गरेको छ।




प्राधिकरणले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सञ्चालनमा रहेका टेलिभिजन, एफएम रेडियो, अनलाइन तथा पत्रपत्रिकाहरूलाई लक्षित गर्दै मापदण्ड पूरा गरेका सञ्चारमाध्यमलाई मात्र विज्ञापन उपलब्ध गराउने जनाएको छ।

सूचना अनुसार मधेश प्रदेशका ९ वटा टेलिभिजन, ६० वटा रेडियो/एफएम, ५६ दैनिक पत्रिका, १२० साप्ताहिक पत्रिका, १ पाक्षिक, ५ मासिक, १ द्वैमासिक, २ त्रैमासिक पत्रिका तथा ८५ अनलाइन मिडियालाई लोककल्याणकारी विज्ञापनका लागि कार्यादेश दिइएको छ।

त्यस्तै, प्रसारण माध्यमका आधारमा विज्ञापन दर निर्धारण गरिएको छ। टेलिभिजनलाई ७१ हजार २०० देखि ९० हजार ४०० रुपैयाँसम्म, रेडियोहरूलाई वाट क्षमताअनुसार २९ हजार ६०० देखि ४० हजार १०० रुपैयाँसम्म एकमुष्ट उपलब्ध गराइनेछ। पत्रपत्रिकातर्फ वर्गअनुसार दैनिक पत्रिकालाई २४ हजार ६०० देखि ३० हजार ९०० रुपैयाँसम्म, साप्ताहिक पत्रिकालाई १० हजार ८०० देखि १२ हजार ३०० रुपैयाँसम्म तथा अनलाइन मिडियालाई ८ हजार २२४ रुपैयाँ तोकिएको छ।

प्राधिकरणका अनुसार लोककल्याणकारी विज्ञापन सिफारिस समितिको निर्णयलाई २०८३ वैशाख १३ गते अनुमोदन गरी सोहीअनुसार दर, समय, संख्या र शर्तका आधारमा विज्ञापन प्रसारण गर्न निर्देशन दिइएको हो।

साथै, सञ्चारमाध्यमहरूले प्राधिकरणको आधिकारिक वेबसाइटबाट आवश्यक अडियो-भिडियो सामग्री डाउनलोड गरी स्थानीय भाषालाई प्राथमिकता दिँदै प्रसारण गर्नुपर्ने व्यवस्था गरिएको छ। टेलिभिजनमा शिक्षा, महिला हिंसा, बालविवाह र दाइजो प्रथासम्बन्धी सामग्री प्रसारण गर्नुपर्नेछ भने रेडियो, अनलाइन र पत्रपत्रिकामा सडक सुरक्षा, आगलागी, लागुऔषध दुर्व्यसन तथा कृषि सम्बन्धी सचेतनामूलक सन्देशलाई प्राथमिकता दिइनेछ।

प्रसारणको अनुगमन प्राधिकरणले गर्नेछ र मापदण्ड विपरीत कार्य गर्ने वा सूचीमा नभएका सञ्चारमाध्यमलाई भुक्तानी नदिइने स्पष्ट गरिएको छ। साथै, सञ्चारमाध्यमहरूले आवश्यक कागजातसहित २०८३ जेठ १५ गतेभित्र भुक्तानीका लागि निवेदन दिनुपर्ने प्राधिकरणका निमित्त प्रशासकीय प्रमुख सन्तोष कुमार साहले जानकारी दिएका छन्।

# जग्गाको धितो बन्धकी तथा रोक्का-फुकुवा अब अनलाइन

*काठमाडौं, १८ बैशाख*

सरकारले मालपोत कार्यालयहरूमा हुने ढिलासुस्ती र बिचौलियाको प्रभाव अन्त्य गर्न जग्गाको धितो बन्धकी तथा रोक्का-फुकुवा प्रक्रियालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा लगेको छ।




भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयले शासकीय सुधार सम्बन्धी कार्यसूचीअन्तर्गत नतिजामा आधारित शासकीय प्रवन्ध लागू गर्ने क्रममा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने नयाँ व्यवस्था कार्यान्वयनमा ल्याएको हो।

भूमि व्यवस्था तथा अभिलेख विभागले बिहीबार एक परिपत्र जारी गर्दै बैंक तथा वित्तीय संस्थाबाट हुने धितो बन्धकीको कामलाई अनिवार्य अनलाइन गर्न निर्देशन दिएको हो।

यो व्यवस्था पूर्ण रूपमा कार्यान्वयनमा आएपछि ऋण लिन वा चुक्ता गरेपछि जग्गा रोक्का र फुकुवा गर्न सेवाग्राही आफैँ मालपोत धाउनुपर्ने र बिचौलियालाई अतिरिक्त रकम बुझाउनुपर्ने बाध्यताको अन्त्य हुने दाबी गरिएको छ।

यसअन्तर्गत मालपोत कार्यालयबाट प्रदान हुँदै आएको धितोबन्धकी रोक्का फुकुवा सम्बन्धी सेवा अब अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत मात्र सञ्चालन हुने भएको छ।

नागरिकलाई छिटो, सहज तथा बिचौलिया-मुक्त सेवा पूर्वानुमानयोग्य समयभित्र उपलब्ध गराउने तथा सेवा प्रक्रियालाई मुहारविहीन, समयबद्ध र पूर्ण रूपमा डिजिटल बनाउने लक्ष्यअनुरूप यो व्यवस्था लागू गरिएको हो।

यसअनुसार तोकिएका बैंक तथा वित्तीय संस्थाबाट मिति २०८३ साल वैशाख २१ गतेदेखि र अन्य क, ख, ग तथा घ वर्गका बैंक तथा वित्तीय संस्थाबाट मिति २०८३ साल जेठ १ गतेदेखि उक्त सेवा अनलाइन प्रणालीमार्फत मात्र सञ्चालन गरिनेछ।

हालसम्म अनलाइन प्रणाली सञ्चालनका लागि अनुमति नलिएका र सम्झौता नगरेका अन्य बैंक तथा वित्तीय संस्थाहरूका हकमा आगामी जेठ १ गतेदेखि यो व्यवस्था अनिवार्य गर्न भनेको छ। विभागले ती संस्थाहरूलाई जेठ १ अगावै अनुमति पत्र लिई आवश्यक तयारी गर्न आग्रहसमेत गरेको छ।

सरकारले यस व्यवस्थाबाट सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व र समयबद्धता सुनिश्चित हुने विश्वास व्यक्त गरेको छ। साथै, यसले सेवाग्राहीलाई अनावश्यक झन्झट तथा बिचौलियाबाट मुक्त गर्दै डिजिटल सुशासन प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ। यस कार्यले मालपोत कार्यालयहरुमा हाल रहेको सेवा चाप ६० प्रतिशतले कम हुने अनुमान मन्त्रालयको छ।

# विशेष आर्थिक क्षेत्र सिमराको ४९० बिघा जग्गा अतिक्रमणमा, हटाउने तयारी तीव्र

*सिमरा, १८ बैशाख*

देशकै पहिलो विशेष आर्थिक क्षेत्र (SEZ) सिमराको ठूलो हिस्सा वर्षौंदेखि अतिक्रमणमा परेको खुलासा भएको छ। विशेष आर्थिक क्षेत्र प्राधिकरणका अनुसार कुल ८ सय ३३ बिघा क्षेत्रफलमध्ये करिब ४ सय ९० बिघा जग्गा हाल अतिक्रमणमा रहेको छ भने प्राधिकरणको प्रत्यक्ष भोगचलनमा केवल ३ सय ४३ बिघा मात्रै बाँकी रहेको छ।



प्राधिकरणका साइट इन्चार्ज इन्जिनियर पप्पु गिरीका अनुसार आर्थिक क्षेत्र स्थापना भएयतादेखि नै अतिक्रमण हटाउने प्रयास हुँदै आए पनि प्रभावकारी रूपमा सफल हुन सकेको छैन। उक्त जग्गा साविक वीरगञ्ज चिनी कारखानाको स्वामित्वमा रहेको थियो। चिनी कारखाना सञ्चालनका क्रममा उखु खेतीका लागि केही मजदुरलाई अस्थायी रूपमा बसोबास गर्न दिइएको थियो।

समयसँगै ती मजदुरका परिवार विस्तार हुँदै गएपछि त्यहाँ स्थायी घरटहरा निर्माण हुन थालेको र बाहिरका व्यक्तिहरू समेत आएर बसोबास गर्न थालेको प्राधिकरणको भनाइ छ। अहिले आर्थिक क्षेत्रभित्र झण्डै ६ सय घरटहरा निर्माण भइसकेका छन् भने अतिक्रमित जग्गामा खेतीपातीसमेत भइरहेको छ। विशेष आर्थिक क्षेत्रको जग्गा एदेखि ईसम्म पाँच ब्लकमा विभाजन गरिएको छ। तीमध्ये 'ए ब्लक' बाहेकका अधिकांश क्षेत्र अतिक्रमणको चपेटामा परेको जनाइएको छ।

प्राधिकरणले विगतमा पटक-पटक अतिक्रमण हटाउने प्रयास गरे पनि स्थानीयको विरोधका कारण काम अघि बढ्न नसकेको जनाएको छ। तर यसपटक संघीय सरकारकै निर्देशनपछि जीतपुर-सिमरा उपमहानगरपालिका तथा जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी अतिक्रमण हटाउने प्रक्रिया अगाडि बढाइएको प्राधिकरणले जनाएको छ। प्राधिकरणका अधिकारीहरूका अनुसार प्रशासनिक तथा कानुनी प्रक्रिया पूरा गरेर सकेसम्म चाँडो जग्गा खाली गराउने तयारी भइरहेको छ। श्रोत:कान्तिपुर

# भन्सारमा १०० रूपैयाँको सीमा हटाउन नेपाली काँग्रेसले सुरू गऱ्यो दबाब अभियान

*काठमाण्डौं, १८ बैशाख*

सीमावर्ती नाकामा लागू गरिएको १०० रुपैयाँ बराबरको सामान मात्रै ल्याउन पाउने कडाइप्रति नेपाली कांग्रेसले सङ्गठित रूपमा आवाज उठाउन थालेको छ। वर्षौंदेखि निष्क्रिय रहेको भन्सार प्रावधान अचानक कडाइका साथ कार्यान्वयन हुँदा सीमावर्ती जनजीवन, साना व्यापार र दैनिक उपभोगमा गम्भीर असर परेको भन्दै कांग्रेसले त्यस विरुद्ध दबाब अभियान सुरु गरेको हो।




शुक्रवारदेखि सुरु हुने पार्टीको "ग्रिन टेबल" नामक संवाद कार्यक्रमको पहिलो विषय नै सिमानामा लगाइएको कर सम्बन्धी व्यवस्थालाई बनाइएको छ।

कार्यक्रममा सीमा तथा अन्तर्देशीय व्यापार विज्ञ राजन शर्मा र सीमा क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित सांसद रेखा कुमारी यादव वक्ताका

बाँकी तेश्रो पृष्ठमा

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं नगराऔं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- जथाभावी फोहोर नगरौं।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं।

बारागढी गाउँपालिका, खोपवा, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बृन्दाबन नगरपालिका